# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सोरु गाउँपालिका

## मुगु

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सोरु गाउँपालिका

## मुगु

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सोरु गाउँपालिका

मुगु

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ५१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

सोरु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मुगु ।

१. **कैफियत सहितको राय** — हामीले सोरु गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.११ करोड ६९ लाख ३५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त नभएकोमा बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ करोड ७३ लाख १७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ६६ लाख ४८ हजार, नियमित गर्नुपर्ने रु.५ करोड ७८ लाख १९ हजार र पेश्की बाँकी रु.१ करोड ५१ लाख ५१ हजार रहेको छ । सोरु गाउँपालिकाको गतवर्ष सम्म रु.४९ करोड ५३ लाख ५८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.६१ करोड २२ लाख

९३ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने सोरु गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायब महालेखापरीक्षक**

सोरु गाउँपालिका,

मुगु जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५३ | ११९ | ११६९३५ | ० | ० | ० | ५३ | ११९ | ११६९३५ | १७३१७ | ५७८१९ | २६६४८ | ० | ० | ८४४६७ | १५१५१ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सोरु गाउँपालिका,मुगु | ४९५३५८ | ० | ० | ४९५३५८ | ० | ११६९६५ | ६१२२९३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | - | - | - |
| | | | | |
| | | | | |
| | चालु वर्षको जम्मा | | | |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | - | - | - |
| | | | | |
| | | | | |
| | २०७७।७८ | - | - | - |
| | | | | |
| | | | | |
| | २०७६।७७ | - | - | - |
| | गत विगतको जम्मा | | | |
| | कुल जम्मा | | | |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यसपालिकामा ११वडा, ४८०६९ हेक्टर क्षेत्रफल तथा २०७८ को तथ्याङ्क अनुसार १४२७७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१३ देखि २०८०।५।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको यस बर्षको आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **लेखापरीक्षण**

यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्नेअवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतकासीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ रनेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँगमिति२०८०।५।१६ मा छलफल सम्पन्न गरिएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

३ **लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. २३,७२५।- असुली भईराष्ट्रिय बाणिज्य बैंकमा दाखिला भएको छ ।

४ **स्थानीय संचित कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था अनुसूची ३ बमोजिम रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५ **वित्तीय विवरण**

५.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्न अनुसार देखिएको छः

५.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले संघीय बजेट तर्फको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६,४२,२२,३९१।, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु२६८६०२११।४२, र गरीब संग बिश्वेश्वर कार्यक्रमको रु. ६,१२,०२०। तथा प्रदेश तर्फको बहुक्षेत्रीय

पोषण कार्यक्रमको रु ९२९०९६। र सामाजिक बिकास मन्त्रालयको रु. १०,००,०००। समेत गरी रु. ९,३६,२३,७१८।४२ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५.३ **फरक हिसाब—**यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१,२६,५९,७२०।८० , यस वर्षको प्राप्ति रु.२,६८,६१,४५४।५८,यस वर्षको भुक्तानी रु.१,९५,८६,९३५।६९ र बैङ्क मौज्दात रु. ५३,८५,२०१। फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरुसमाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२ | ६०८८३९०६।०६ | ५४०७८५८७२।५० | ५५३२०५११३।६५ | ४८४६४६६४।९१ |
| एकीकृत आर्थिक विवरण अनुसार | ४८२२४१८५।२६ | ५६७६४७३२७।०८ | ५७२७९२०४९।३४ | ४३०७९४६३ |
| फरक | १२६५९७२०।८० | -२६८६१४५४।५८ | -१९५८६९३५।६९ | ५३८५२०१। |

५.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५,०४,८७,३१९। मौज्दात रहेकोमा यो वर्षस्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) तथा बित्तीय बिवरणमा रु. ६,०८,८३,९०६।०६ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,०३,९६,५८७।०६ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ ।

यस्तै पालिकाको एकिकृत आर्थिक बिवरणमा गत बर्षको मौज्दात रु. ५,०३,४१,२८४। रहेकोमा यस बर्ष सोही एकिकृत आर्थिक बिवरणमा शुरु मौज्दात रु. ४,८२,२४,१८५।२६ भइ रु.२१,१७,०९८।७४ फरक परेको छ । सुत्रको तथ्याङ्क र सुत्रमा नरहेको तथ्याङ्क समेत समावेश गरी तयार गरीने एकिकृत आर्थिक बिवरण समेतले पालिकाको आर्थिक कारोवारको यथार्थ चित्रण नगरेकोले यस्तो एकिकृत आर्थिक बिवरण समेत सुत्र एवं कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) वाट तयार गरीने गरीनुपर्दछ ।

५.५ **मौज्दात फरक-** यो वर्ष स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसार र सुत्रवाटै तयार भएको अनुसूची२४ अनुसारको मौज्दात निम्नानुसार फरक

देखिएको छ । एउटै प्रणालीवाट तयार भएको अनुसूची र बित्तीय बिवरणमा यसरी फरक देखिएकोले सुत्रको तथ्याङ्क तथा सुचना भरपर्दो देखिएन ।

| सि नं | बिवरण | २७२ अनुसार | अनुसूची २४ अनुसार | फरक रकम |
|---|---|---|---|---|
| १ | श्रेस्ता अनुसारको मौज्दात | ४८४६४६६४।९१ | ६२५२९०६०।९९ | १४०६४३९६।०८ |
| २ | बैङ्क अनुसारको मौज्दात | ६२५२९०६०।९९ | ६२७५०१२७।६६ | २२१०६६।६७ |

५.६ **बैङ्क हिसाब विवरण-**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ।पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| चालु खर्च खाता जोर बर्ष | ९४३७३२०।१० | ९६२१९८४।७८ | १८४६६४।६८ |
| बाँडफाँटवाट प्राप्त राजस्व | ० | १२५२६६।९९ | १२५२६६।९९ |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | २६२३१९२ | २६२३१९२ |
| **जम्मा** | | | २९३३१२३।६७ |

• आन्तरीक राजस्व खाताको फरक रु.२६,२३,१९२। मिति २०८०।४।१ मा स्थानीय संचितकोष खातामा ट्रान्सफर भएको छ ।

• पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

५.७ **संचितकोष फिर्ता** -यस वर्ष ग-४-१ संचितकोष खातामा स्रेस्तामा देखिएको मौज्दात रु. १,२०,३७,४३४।३६ मध्ये कोष तथा लेखा नियन्त्रक कार्यालय मुगुले २०८०।३।१।मा शशर्त अनुदानको फिर्ता गर्नुपर्ने रु. ४२,२८,३६१।३६ समानीकरण अनुदानवाट कट्टा गरी निकाशा गरेकोले खूद मौज्दात रु. ७८,०९,०७३। कायम भएको देखिन्छ । सोको अतिरिक्त पालिकाले २०७८।७९ को फिर्ता गर्न वाकी रु.१,३१,०७,५१६।६४ मिति २०७९।१०।१५ मा संघीय संचितकोषमा दाखिला गरेको छ । संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने रकम सोही वर्ष फिर्ता गरी लेखा अद्यावधिक गरिनुपर्दछ ।

६ **खर्च बिश्लेषण -** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.२७,२४,०७३।- राजस्व बाँडफाँडबाट रु ७१४९१६५९।०४ र अनुदानबाट रु -३७०६६६६७४।०४ समेत रु.४४,७१,६२,१५४।०८ आम्दानी भएकोमा चालु तर्फ रु.२८,३४,०३,३५१।९८र पूँजिगत तर्फ रु.१६,६६,२३,७७८।२५ र बित्तीय ब्यबस्था तर्फ रु.९५,५४,२६५।समेत रु.४५,९५,८१,३९५।२३ खर्च भएको छ।खर्चमध्ये आन्तरिक आयको हिस्सा ०.५९ प्रतिशत रहेको छ।यस बर्ष पदाधिकारी सुबिधामा रु.७३,३२,०००।

खर्च भएको छ । जुन आन्तरिक आयको २६९ प्रतिशत रहेको छ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३-३७ प्रतिशत चालु र ३७.२६ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ. ।यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति अनुसूची ४ अनुसार रहेको देखिन्छ ।
उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबै भन्दा बढी ८८.५१ प्रतिशत र संस्थागत विकासमा सबै भन्दा घटी ७०.४५ प्रतिशत रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ (१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको पूर्ण परिपालनामा ध्यान दिनुपर्दछ ।

९ **लक्ष्य प्रगति** - कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर, जिल्ला तथा केन्द्रियस्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन ।यस सम्बन्धी विवरण अनुसूची ५ मा समावेश गरिएको छ। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१० **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६,६६,२३,७७८।- पूँजीगत खर्च / खरिद निर्माण कार्य गरेको छ ।तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना / गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

११ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन ।ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१२ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ।स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल २४६ योजनामा वजेट विनियोजन गरेको छ।

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ।जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १९० योजनामात्र कार्यान्वयन भई ५६ योजना कार्यान्वयन हुन सकेको देखिएन।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१३ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१४ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति अनुसूची ६ बमोजिम छ ।

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.१६,६६,२३,७७८।— खर्च भएकोमा प्रथम त्रैमासिकमा खर्च नभएको दोश्रो त्रैमासिकमा रु. ८१,६५,४०१।- अर्थात ४.९० प्रतिशत, तेश्रो त्रैमासिकमा रु.२,११,१४,४८४। अर्थात १२.६७ प्रतिशत र चौथो त्रैमासिकमा रु.१३,७३,४३,८९३।- अर्थात

८२.४२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१०,७०,१०,३८४।- अर्थात ६४.२२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन ।स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१६ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन।

• पालिकाले योजनागत खाता राखेको पाईएन।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाइएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) राखेको भएता पनि कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय - व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भरपाई पेश गर्नुपर्नेमाअधिकांशतः पालना भएको पाईएन ।

• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाइएन।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

• प्रचलित कानुन अनुसार लेखा समीती गठन गरेता पनि म ले प प्रतिबेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन।

• प्रदेश लोक सेवा आयोगको परामर्श लिएर कर्मचारीको स्तर बृद्धि गरेको पाइएन।

• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थित रुपमा गरेको पाइएन भने स्थायी तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाइएन ।

• सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन।

• सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको मागसो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाइएन।

• वातावरण संरक्षण ऐन,२०७६ को दफा ३ मा स्थानीय तहलेनियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण,१०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेकोपाइएन।

• पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन।

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसके पछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिबेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पुर्णरुपमा कार्यान्वयनमा आएको पाइएन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउंपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाइएन।

• दिगो बिकास लक्ष्य (सन् २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चायलन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्नेच व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएकोपाइएन।

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाइएन।

• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यबस्थापनलाई प्रभाबकारी बनाउनु पर्दछ ।

१७ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर गाउंपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

१८ **आन्तरिक लेखापरीक्षण शाखा -** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ। यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१९ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राखुखपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्काा सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्ना गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

२० **सुरक्षित नागरीक आवास कार्यक्रम -** यस कार्यक्रम अन्तर्गत १२६ घर धुरीलाइ घरको छानो स्तरोन्नती गर्न संघीय सशर्त अनुदानवाट रु ४१,००,०००। बजेट बिनियोजन भएकोमा सो कार्यक्रम कार्यान्वयन नभइ बजेट फ्रिज भएको देखियो । यसरी नेपाल सरकारको कार्यक्रम कार्यान्वयन नहुंदा लक्षित लाभग्राही वर्ग लाभान्वित हुन नसकेको अवस्था रहेको देखियो ।

२१ **एकिकृत स्वास्थ्य पूर्वाधार बिकास कार्यक्रम -** एकिकृत स्वास्थ्य पूर्वाधार बिकास कार्यक्रम अन्तर्गत तारापानीमा १० शैयाको प्राथमिक अस्पताल भवन निर्माण कार्यको लागी २०८०।३।३० सम्ममा सम्पन्न गर्ने गरी कवोल अंक रु.११,१६,३७,१५६। मा २०७८।२।२० मा सगुन प्रेरा जे भी संग सम्झौता भएकोमा मुल्य समायोजन समेत रु. ५,५१,४२,६३३।४२ भुक्तानी भैसकेको छ । यस निर्माण कार्यको अवधि समाप्त भैसकेको अवस्थामा म्याद थप नभएको बित्तीय प्रगती ४२।०९ प्रतिशत मात्र भएको छ भने भौतिक प्रगति तर्फ भवन निर्माण कार्यको एक तला ढलान कार्य संरचना मात्र तयार भएको देखिन्छ । पालिकाले सो भवन निर्माण गर्न म्याद थप गर्ने वा निर्माण व्यवसायीको कारणले तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुने नदेखिएमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम ठेक्काको अन्त्य गरी निजको कार्य सम्पादन जमानत रु. ५५,५१,५००। जफत गर्नुपर्ने देखिन्छ ।

२२ **अधुरो निर्माण कार्य -** सोरु वडा नं २ चौतारा मसिनि मेला सडक निर्माणको लागि रु.४८,१८,११९।०३ कवोल अंकमा २०८०।३।३० सम्ममा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी निसान निर्माण सेवा संग २०८०।१।१५ मा सम्झौता भएको छ । उक्त निर्माण कार्यको गा पा पुजिगत शीर्षकवाट प्रथम रनिगं बिलको र रु. २५,५२,१२५। भुक्तानी भएको छ । निर्माण कार्यको अवधि सकिएको अवस्थामा बित्तीय प्रगति ५२.९७ प्रतिशतमात्र रहेकोमा सो निर्माण कार्यको म्याद थप समेत भएको छैन । यस्तो निर्माण कार्यमा बिलम्व हुंदा कार्यालयवाट ताकेता समेत भएको देखिदैन । अतः निर्माण कार्य सुचारु गरी सम्पन्न गर्ने वा सार्वजनिक खरिद ऐन २०६३ अनुसार ठेक्का तोडी निर्माण व्यवसायीको कार्यसम्पादन जफत गरी बैकल्पीक बिधिवाट निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

२३ **सिप बेली ब्रिज -** सोलु गाँउपालिका वडा न ७ र ८ जोड्ने बेलीब्रिज निर्माणका लागि रु.३,३७,९४,४६३।२३ को कवोल अंकमा २०७७।३।१० सम्ममा सम्पन्न गर्ने गरी २०७६।३।१० मा मा निर्माण व्यवसायी रविचक्र जलव जे भी संग सम्झौता भइ भुक्तानीको लागि रु.१,३५,७९,१०९।६६ को अन्तिम बिल समेत पेश भएको छ । सो निर्माण कार्य सम्पन्न भइ २०७७।१२।३० मा तत्कालिन गा पा अध्यक्षवाट भुक्तानीको लागी सिफारीश भएको, २०७७।१२।३० मा वडा कार्यालयवाट निर्माण कार्य सम्पन्न भइ भुक्तानीका लागि सिफारीश भएको र २०७८।१।१३ मा अनुगमन संयोजकवाट अनुगमन भइ प्रतिवेदन पेशभएको देखिन्छ । कार्यालयवाट बजेट अभाव भएकोले सम्पन्न कार्यको नाप जांच समेत नगरी कार्य स्वीकार नगरेको देखियो ।हाल चालु अवस्थामा रहेको र सवारी आवागमन भएकोले बजेटको व्यवस्था गरी निर्माण कार्यको टुँगो लगाउनु पर्ने देखिन्छ।

२४ **वढी मूल्य समायोजन -** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६(८) मा भुक्तानी दिनुपुर्व रित पुगे नपुगेको चेक जांच गर्नु पर्ने व्यवस्था छ ।तारापानीमा १० शैयाको प्राथमिक अस्पताल भवन निर्माण कार्यको निर्माण व्यवसायी सगुन प्रेरा जे भी लाइ पहिलो रनिगं बिलमा मुल्य समायोजनका लागी निर्माण कार्य सम्पादन भएको मुल्य कायम गर्दा रु.२,२८,६०,७६४।७६ कायम गर्नुपर्नेमा रु.१,२५,८०,८२५।१४ कायम गरी घटी तथा छुट भएको मुल्य रु.१,०२,७९,९३९।६२ मा फ्याक्टर ०।१७२३२ ले गणना गर्नुपर्नेमा ०।१७३८१ ले गणना गरी ०।००१४९ बढी फ्याक्टर प्रयोग भइ रु.१७,३०९।बढी मुल्य समायोजन भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,३०९ |

२५ **पेश्कीमा मुल्य समायोजन -** सडक बिभागले २०७०।४।२ मा तत्कालै देखि कार्यान्वयनमा ल्याउनेगरी गरेको परीपत्रमा मुल्य समायोजन सम्बन्धी शर्त तयार गर्दा निर्माण व्यवसायीलाइ दिएको मोबिलाइजेशन पेश्की कट्टा गरेको आधार मुल्यमा मात्र पेश्की समायोजन गणना गर्नुपर्ने व्यवस्था छ ।।तारापानीमा १० शैयाको प्राथमिक अस्पताल भवन निर्माण कार्यको लागी २०७८।२।२० मा सगुन प्रेरा जे भी संग सम्झौता भएकोमा सम्झौताको बिशेष शर्त लेखापरीक्षणको समयमा उपलव्ध नभएकोले सो व्यवस्था सम्झौतामा समावेश भए नभएको सुनिश्चित हुने अवस्था रहेन । यस निर्माण कार्य नेपाल सरकारको शशर्त अनुदान अन्तर्गतको भएकोले नेपाल सरकारको सडक बिभागको परिपत्र सान्दर्भिक हुने देखिन्छ । अत उक्त निर्माण व्यवसायीको सो अवधीमा फस्योंट भएको पेश्की रु.५९,२२,८५२। मा फ्याक्टर ०।१७२३२ ले हुने रु.१०,२०,६२५ को मु अ कर सहित हुने रु.११,५३,३०६।२५ असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,५३,३०६ |

२६ **मुल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मूल्य समायोजनको शुत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लागेको श्रम समाग्री र उपकरणको मात्र मूल्य समायोजन हुनेगरी गर्नुपर्ने र सो सम्वन्धी प्रावधान सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ ।तारापानीमा १० शैयाको प्राथमिक अस्पताल भवन निर्माण कार्यको लागी २०८०।३।३० सम्ममा सम्पन्न गर्ने गरी कवोल अंक रु.११,१६,३७,१५६। मा २०७८।२।२० मा सगुन प्रेरा जे भी संग सम्झौता भएकोमा सम्झौताको बिशेष शर्त लेखापरीक्षणको समयमा उपलव्ध हुन सकेन । यसवाट उक्त निर्माण व्यवसायीलाइ मुल्य

समायोजन दिन मिल्ने वा नमिल्ने स्पष्ट छैन । तथापी स्पष्ट कानूनी आधार बेगर निजलाइ २ वटा रनिगं बिजकवाट रु.५६,९७,३५१। मुल्य समायोजन दिएको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५६,९७,३५१ |

२७ **मोबिलाइजेशन पेश्की** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ (६) मा निर्माण व्यवसायीले सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधि भित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फस्यौंट हुन नसकेमा सार्वजनिक निकायले निजको कार्य सम्पादन जमानत जफत हुने व्यवस्था छ ।तारापानीमा १० शैयाको प्राथमिक अस्पताल भवन निर्माण कार्यको लागी २०८०।३।३० सम्ममा सम्पन्न गर्ने गरी कवोल अंक रु.११,१६,३७,१५६। मा २०७८।२।२० मा सगुन प्रेरा जे भी संग सम्झौता भएकोमा सम्झौताको बिशेष शर्त लेखापरीक्षणको समयमा उपलव्ध हुन सकेन । सम्झौता अवधिको ८० प्रतिशत समयावधि सकिनु अघि सबै बाकी पेश्की रकम फस्यौंट हुनुपर्ने व्यवस्था रहनुपर्नेमा सम्झौताको बिशेष शर्त पेश नभएकोले सो व्यवस्था रहे नरहेको सुनिश्चित हुन सकेन।निज निर्माण व्यवसायीले सम्झौतामा तोकिएको अवधीमा निर्माण कार्य सम्पन्न नगरेकोकोले उक्त नियमावलीमा भएको व्यवस्था अनुसार निजको पेश्की बाकी रु.६,८२,२२८।निजको पेश्की जमानत जफत गरी असुल फस्यौंट गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८२,२२८ |

२८ **ICT ल्याब -** शिक्षा तथा मानव श्रोत बिकास केन्द्रको च नं ८५ मिति २०७९।८।१८ को पत्रानुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत बिद्यालयहरुमा ICT ल्याब निर्माण गर्न सबै स्थानीय तहहरुलाइ प्रेषित सो कार्यक्रम कार्यान्वयन प्रक्रियामा प्रति बिद्यालय रु.६,५०,०००। निकाशा दिदां केन्द्रले तोकेको स्पेशीफिकेशन अनुसार भए नभएको हेरी निकासा दिने र सोको प्रतिवेदन शिक्षा बिकास तथा समन्वय इकाइमा पठाउने व्यवस्था भएकोमा पालिकाले निम्न २ बिद्यालयलाइ सो बमोजिम निम्नानुसार निकाशा दिएकोमा केन्द्रले तोकेको ल्याबको स्पेशीफिकेशन अनुसार ल्याबको सामान खरिद भए नभएको परिक्षण नगरेको र सोको सुचना तोकिएको शिक्षा बिकास तथा समन्वय इकाइमा पठाएको नदेखिएकोले तोकिएको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| भौ न र मिति | बिद्यालय | निकाशा रकम |
|---|---|---|
| २४।२०८०।३।१७ | कालिका मा बि लिब्रु | ६५०००० |
| २२।२०८०।३।११ | जनज्योति मा बि नाथर्पु | ६५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,००,००० |

२९ **राष्ट्रपति शैक्षिक सुधार कार्यकम -** शिक्षा तथा मानव श्रोत बिकास केन्द्रको च नं ८५ मिति २०७९।८।१८ को पत्रानुसार राष्ट्रपति शैक्षिक सुधार कार्यकम अन्तर्गत बिद्यालयको २ कोठे र ४ कोठे भवन निर्माण गर्न सबै स्थानीय तहहरुलाइ प्रेषित सो कार्यक्रम कार्यान्वयन प्रक्रियामा बिद्यालयले भवन निर्माण गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को बिद्यालयको भौतिक निर्माणमा उल्लेखित कार्य प्रक्रिया अवलम्वन

गर्नुपर्ने उल्लेख छ।कार्यालयले निम्न ४ बिद्यालयलाइ भवन निर्माण गर्न निकाशा दिएको रकम सम्बन्धित बिद्यालयको खातामा निकाशा नगरी भौ न ३१ बाट मिति २०८०।३।२३ मा कार्यालयकै ग-२-७ अन्य खर्च खातामा जम्मा गरेको पाइयो। यसरी केन्द्रको परिपत्र र कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को प्रतिकुल बिद्यालयको भवन निर्माण गर्नुपर्ने रकम निकाशा नै नगरी अन्य खातामा सार्नु नियमित नदेखिएको रु.

| सि नं | बिद्यालयको नाम | भवनको प्रकार | निकासा रकम |
|---|---|---|---|
| १ | बिजय मा बि कालै | ४ कोठे | २१८७१६९ |
| २ | महादेव आ बि नरे | २ कोठे | ३५०००० |
| ३ | कैलाश प्रा बि नचारा | २ कोठे | २२५०००० |
| ४ | मालिका आ बि जवलधारा | ४ कोठे | ३६६७००० |
| जम्मा | | | ८५५४१६९ |

| अनियमित भएको | ८४,५४,१६९ |
|---|---|

३० **कार्य सम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० मा स्वीकृत वोलपत्रदाताले सार्वजनिक निकायमा सम्झौताका लागि पेश गरिने कार्य सम्पादन जमानतको अवधि वा त्रुटी सच्याउने दायित्वको अवधी भन्दा कम्तीमा एक महिना बढी अवधीको हुनुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका निम्न वोलपत्रदाताहरुले निर्माण कार्यकालागी सम्झौता गर्दा पेश गरेको कार्यसम्पादन जमानतको अवधि तदनुसार नभएकोले ती बोलपत्रदाताहरुसंग लिएको कार्यसम्पादन जमानतको अवधी थप गर्नुपर्दछ ।

| सि नं | निर्माण कार्य(निर्माण व्यवसायी) | कार्य सम्पन्न वा कार्य सम्पन्न गर्नुपर्ने अवधि | कायम भएको बैक जमानतको अवधि | बैंक जमानतको रकम |
|---|---|---|---|---|
| १ | ताजा गाँउ देखि वजुरे माइको मन्दिर सम्म सडक निर्माण (बिजुली निर्माण सेवा) | २०८०।३।९ | २०८१।१।३० | १५०००० |
| २ | लाप्का देखि स्याडा सम्म सडक निर्माण (बि एस निर्माण सेवा) | २०८०।८।३० | २०८१।१।३० | १२५००० |
| ३ | राउचा स्याउ फार्म घेरावार (हिमाल निर्माण सेवा) | २०८०।३।१९ | २०८१।१।२९ | १५०००० |
| ४ | चौतारा मसिने मेला सडक | २०८०।३।३० | २०८१।१।२७ | २७२१२६ |
| | | जम्मा | | ६९७१२६ |

| सैद्धान्तिक बेरुजु |
|---|

३१ **राष्ट्रपति शैक्षिक सुधार कार्यकम -** शिक्षा तथा मानव श्रोत बिकास केन्द्रको च नं ८५ मिति २०७९।८।१८ को पत्रानुसार राष्ट्रपति शैक्षिक सुधार कार्यकम अन्तर्गत बिद्यालयको २ कोठे र ४ कोठे भवन निर्माण गर्न सबै स्थानीय तहहरुलाइ प्रेषित सो कार्यक्रम कार्यान्वयन प्रक्रियामा बिद्यालयले भवन निर्माण गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को बिद्यालयको भौतिक निर्माणमा उल्लेखित कार्य प्रक्रिया अवलम्वन गर्नुपर्ने उल्लेख छ।यस वर्ष कार्यालयले निम्न बिद्यालयलाइ २ कोठे र ४ कोठे भवन निर्माण गर्न रकम निकासा गरेकोमा बिद्यालय भवन निर्माण सम्पन्न भएको प्रमाण पेश हुनुपर्ने रु.

| सि नं | बिद्यालयको नाम | भवनको प्रकार | निकासा रकम |
|---|---|---|---|
| १ | बिजय मा बि कालै | ४ कोठे | ३३१२८३१ |
| २ | रारा मा बि कच्चै | ४ कोठे | ५२७४८८६ |
| ३ | महादेव आ बि नरे | २ कोठे | २४००००० |
| ४ | कैलाश प्रा बि नचारा | २ कोठे | ५००००० |
| ५ | मालिका आ बि जवलधारा | ४ कोठे | १७३३००० |
| ६ | गुरु बर्मा आ बि तलिलिब्रु | २कोठे | २७००००० |
| **जम्मा** | | | **१५९२०७१७** |

| प्रमाण पेश नगरेको | १,५९,२०,७१७ |
|---|---|

३२ **लेखापरीक्षण क्षेत्रको सिमितता -** आर्थिक कार्यविधी तथा बित्तीय उत्तरदायित्व सम्वन्धी ऐन,२०७६ को दफा ३६ मा कार्यालयको अन्तिम लेखापरिक्षणको सिलसिलामा लेखापरीक्षकवाट माग गरिएको लेखा तथा बिवरण तोकिएको म्याद भित्र दाखिला गर्नु सम्वन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिको कर्तव्य हुने व्यवस्था छ । यस पालिकाको लेखापरीक्षणको सिलसिलामा निम्न निर्माण कार्यको लागत अनुमान र सो संग सम्वन्धित नर्म्स र दरबिश्लेषण लेखापरीक्षणको लागि पेश हुन सकेन । यस वाट निर्माण कार्यको लागत अनुमानको बिश्लेषण र र सम्झौताको बि ओ क्यूको दर र परिमाण संग भिडान गर्न सक्ने अवस्था रहेन । यसवाट पालिकाको निर्माण कार्यको लेखापरीक्षणमा लेखापरीक्षणको क्षेत्रको सिमितताको स्थिति रहन गएको छ ।

| सि नं | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम |
|---|---|---|---|
| १ | चौतारा मसिने मेला सडक | निसान निर्माण सेवा | ४८१८११९।- |
| २ | ताजा गाँउ देखि वजुरे माइको मन्दिर सम्म सडक निर्माण | बिजुली निर्माण सेवा | २९८८०१६।- |
| ३ | लाप्का देखि स्याडा सम्म सडक निर्माण | बि एस निर्माण सेवा | २४९४४४६।- |
| ४ | राउचा स्याउ फार्म घेरावार | हिमाल निर्माण सेवा | २९९४०१४।- |

३३ **नापी वेगर र नापी भन्दा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३-१-ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिगं बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक नापजांच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधार लिनुपर्ने व्यवस्था छ । पालिकाले निम्न निर्माण कार्यको भुक्तानि गर्दा नापी वेगर र नापी भन्दा बढी रकम भुक्तानी दिएको छ । अतः लेखापरीक्षणको समयमा नापी वेगर र नापी भन्दा बढी भुक्तानी गरेको सम्वन्धमा कुनै पुष्ट्याइ पेश नभएकोले असुल गर्नुपर्ने देखिएको रू.

| सि नं | निर्माण कार्य | निर्माण व्यवसायी | बिवरण | रकम |
|---|---|---|---|---|
| १ | सिप बेली ब्रिज | बिजुली निर्माण सेवा | दोस्रो रनिङ बिलको नापी वेगर भुक्तानी | १३५७९११ |
| २ | लाप्का देखि स्याडा सम्म सडक निर्माण | बि एस निर्माण सेवा | अन्तिम बिल अनुसार रु २४१९६४८।११ भुक्तानी गर्नुपर्नेमा २४८४५९१ भुक्तानी भइ बढी भुक्तानी भएको रु | ६४९४३ |
| ३ | | जम्मा | | १३६४४०५३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३६,४४,०५३ |

३४ **निर्माणकार्यको बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण कार्यको बीमा गराउदां प्रतिस्थापन खर्च र सोको १५ प्रतिशत समेत समेटीने गरी बीमा गराउनुपर्ने व्यवस्था छ । यस बर्ष पालिकाले निर्माण कार्य गराउंदा तदनुसार वीमा गरेको देखिएन । पालिकाले उक्त व्यवस्था अनुसार निम्न निर्माण कार्यको सुरक्षार्थ वीमा गर्नुपर्ने देखिन्छ ।

| सि नं | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम | वीमा रकम |
|---|---|---|---|---|
| १ | १० शैयाको प्राथमिक अस्पताल भवन निर्माण | सगुन प्रेरा जे भी | १११६३७१५६ | १२८३८२७२९ |
| २ | सिप बेली ब्रिज | बिजुली निर्माण सेवा | २९८८०१६ | ३४३६२१८ |
| ३ | चौतारा मसिने मेला सडक | निशान निर्माण सेवा | ४८१८११९ | ५५४०८३७ |
| ४ | ताँजा गाँउ देखि वजुरे माइको मन्दिर सम्म सडक निर्माण | बिजुली निर्माण सेवा | २९८८०१६ | ३४३६२१८ |
| ५ | लाप्का देखि स्याडा सम्म सडक निर्माण | बि एस निर्माण सेवा | २४९४४६६ | २८६८६३६ |
| ६ | राउच्चा स्याउ फार्ममा घेरावार लगाउने कार्य | हिमाल निर्माण सेवा | २९९४०१४ | ३४४३११६ |

३५ **एम्बुलेन्स खरीद -** कार्यालयमा रहेको महिन्द्रा बोलेरो स्कर्पियो एम्बुलेन्स गाडी हाल निष्क्रिय अवस्थामा रहेको छ । लेखापरीक्षण अवधि २०८०।५।१५ सम्ममा २१३१८ कि मि गुडेको गाडीको मिटरमा देखिन्छ ।गाडीको अगाडीको वायां टायर फेर्नुपर्ने कारणले मात्र हाल सो गाडी निष्क्रिय अवस्थामा रहेको कार्यालयको भनाइ रहेको छ । मौजुदा गाडीको टायर फेरी सेवा संचालनमा ल्याउनु पर्नेमा कार्यालयले पुन यस बर्ष नया एम्बुलेन्स क्याटलग बिधीवाट खरीद गर्न रु १० लाख बजेट बिनियोजन गरी २०८०।३।१४ मा सार्वजनिक सुचना प्रवाह समेत गरेकोमा खरिद प्रक्रिया बजेट अपुगको कारण देखाइ अवरुध्द भएको छ । प्रदेश सरकारवाट प्राप्त उक्त शसर्त अनुदानको बजेट रकम एम्बुलेन्स खरिदमा प्रयोग नहुंदा प्रदेश सरकारको संचित कोषमा दाखिला हुनुपर्नेमा सो रकम गाँउपालिकाको अन्य खातामा दाखिला गरेकोले प्रदेश सञ्चितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

३६ **प्राविधिक बिल र कार्यसम्पन्न -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ ।लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन ।प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए /नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३७ **ननफाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट अनुसूची ७ अनुसारका फर्मलाई मू.अ.कर रु. ८,०६,४३५।- समेत रु. ७०,०९,७८३।८८ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,०६,४३५ |

**(विस्तृत विवरण बेरूजु दफा ३७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३८ **सेनिटरी प्याड -** सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ को वुंदा नं.६ तथा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार कक्षा ६ देखि कक्षा १२ सम्मका छात्राहरुलाई १० महिनालाई पुग्ने गरी सेनेटरी प्याड उपलव्ध गराउनु पर्ने । त्यस्तो प्याडमा उत्पादन तथा प्रयोग मिति तथा गुणस्तरीय रहेको प्रमाणित हुनुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं.२२२/२२३/२०८०-३-२४ बाट म्याक्सवेल

इन्टरप्राइजेज पुपालीबाट रु.९,९०,०६५। मा १५९६८ थान र भौ.नं.२२३ बाट यति हिमालयन सर्जिकल प्रा.लि.बाट रु.६,७६,९४९।८० मा १०९१४ थान सेनिटरी प्याड खरिद गरेको छ । उत्पादन र उपयोग मिति तथा गुणस्तरीयता प्रमाणित भएको सुनिश्चितता श्रेस्ता साथ समावेश गरेको छैन भने ग्यासवेल इन्टरप्राइजेज बुपालीबाट खरिद भएको उल्लेख भएका १५९६८ थान सेनिटरी प्याड खरिदको विजक र दाखिला प्रमाण श्रेस्तामा समावेश गरेको छैन ।उक्त खरिदको विजक तथा दाखिला प्रतिवेदन पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.

विद्यालयले उपलव्ध गराएको विवरण अनुसार कक्षा ६ देखि कक्षा १२ सम्मका १३८४ छात्रालाई वर्ष भरी पुग्नेगरी संख्या एकीन गरेर मात्र बांकी मौज्दात समेत विचार गरी खरिद गर्नुपर्नेमा यस वर्ष खरिद भएको भनिएका २६८८२ थान सेनिटरी प्याड स्टोरमा नै रहेका छन् । खरिद भएका प्याड लक्षित वर्गमा मापदण्डको आधारमा वितरण गरिनु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९०,०६५ |

३९ **निर्माण सामाग्री मौज्दात** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन , २०७६ को दफा २४ (२) अनुसार सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरीकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले अनुसूची ८ अनुसारका सामाग्री सोझै खरिद गरी भूक्तानी खर्च लेखेकोमा उक्त सामाग्री प्रयोग भएको नापी मूल्यांकन र कार्यसम्पन्न भएको प्रमाण पेश नभएकोले उक्त खर्चबाट उच्चतम प्रतिफल प्राप्त भएको तथा मितव्ययी तरीकाले खर्च गरेको आधार संलग्न गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४६,६६,२६६ |

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४० **सवारी साधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नुपर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्न अनुसार सवारी साधन खरिदमा रु. ६४९९९९। खर्च गरेको छ ।

| **गो भा नं मिति** | **विवरण** | **पार्टिको नाम** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ६६।२०७९।१२।३० | रोयल इन्फोड मो.सा.-१ | नभ ईन्टरप्राइजेज | ६४९९९९। | सम्वन्धित कम्पनीको क्याटलक विधिवाट खरीद नगरी ३ वटाको दररेट पेश गरी सोझै खरिद |
| | **जम्मा** | | ६४९९९९। | |

४१ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व. को बाँकी के कति छन एकिन गर्न सकिएन ।कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ ।अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणालीमार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

४२ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने , उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.१४,१०,९४२।- भुक्तानी दिएको पाईयो ।

| **भौ.नं.,मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| १०९।२।७ | पूंजीगत अनुदानबाट गाडी मर्मत | ७७४५३०।- |
| ११८।२।२२ | पूंजीगत अनुदानबाट आर्थिक सहायता व्यक्तिगत | १४९०००।- |
| २१५।३।२३ | पूंजीगत अनुदानबाट स्वास्थ्यकर्मि तलव भत्ता | १९७४१२।- |
| २२२।३।२३ | पूंजीगत अनुदानबाट मालिका आधारभुत मा.वि.शिक्षक तलव | २५००००।- |
| २२९।३।२४ | पूंजीगत अनुदानबाट वडा कार्यालय-६, विविध खर्च | ४००००।- |
| | **जम्मा** | **१४१०९४२।-** |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

४३ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाख भन्दा माथि रु.२० लाख सम्म सिलवन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटक भन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ अनुसूची ९ अनुसार रु.१,३६,६०,३०३। को सोझै खरिद गरेको अनियमित भएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,३६,६०,३०३ |

**(विस्तृत विवरण बेरूजु दफा४३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४४ **नाफामूलक संस्थालाई अनुदान**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। यो वर्ष देहाय अनुसारका विभिन्न नाफामूलक संस्थालाई अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| **भौ.नं., मिति** | **सहकारी संस्थाको नाम** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १५१।३।१२ | स्यालधारा सहकारी संस्था | कुटानी मिल स्थापना | ३९९७००।- |
| १५०।३।१२ | फुलवारी सहकारी संस्था | कुटानी मिल स्थापना | ३९९५५०।- |
| १२८।२।२९ | फोतु सहकारी संस्था | कुटानी मिल स्थापना | ३९९५००।- |
| १७०।३।१६ | कालिका कृषि समूह | कुटानी मिल स्थापना | ३०००००।- |
| १८४।३।१९ | सहकारी संस्था | भवन निर्माण | २९१७८४।- |
| | | **जम्मा** | **१७९०५३४।** |

| | |
|---|---|
| अनियमित भएको | १७,९०,५३४ |

४५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**- स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २ (१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन। कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक मुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमीकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १३५ जनालाई रोजगारी उपलब्ध गराई रु.५७,६८,५९३।३० खर्च गरेको छ । लक्षित वर्गलाई ८९ दिन देखि ९५ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।

यस कार्यक्रम अन्तर्गत भएका प्रमुख कार्य रोजगारी सिर्जना भएको अवधि रोजगार पाउनेको संख्या र खर्च समेत समावेश गरी अनिवार्य रुपमा प्रतिवेदनमा समावेश गर्ने ।

४६ **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले ४ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ।

४७ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक रोजगार संयोजक सहायक इन्जिनियर, सव इन्जिनियर, उद्यम विकास अधिकृत, सहायक चौथो पशु कृषि प्राविधिक, स्वास्थ्य सहायक गरी ९६ जना मध्ये ४० जना कार्यालय सहयोगी र सवारी चालक वाहेक ५६ जनाको लागी रु.२,३५,५०,६८७। करार कर्मचारीमा भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रू.

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| विभिन्न | ५६ | २३५५०६८७ |

| | |
|---|---|
| अनियमित भएको | २,३५,५०,६८७ |

४८ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ । आँशिक रुपमा PAMS लागु भएता पनिअनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्नेमा सो अनुसार पालिकाले गरेको देखिएन ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

४९ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

५० **रितपूर्वकको कर बिजक -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रितपूर्वकको कर वीजक बेगर अनुसूची अनुसारका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु. अ. कर रु. १,३६,५४६।- समेत रु. ११,८९,४२७।- सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू. अ. कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३६,५४६ |

**(विस्तृत विवरण बेरूजु दफा ५० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५१ **स्थानीय तहका पदाधिकारी सुविधा -** नेपालको संविधानको धारा २२७ मा गाउं सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय वमोजिम रु. १७,४०,०००। सुविधा वापत भुक्तानी भएको छ । उक्त खर्च पालिकाको आन्तरिक आय रु.२४,२४,७८१। (७०.७५ प्रतिशत ) रहेको छ । पदाधिकारी सुविधा सम्बन्धी विवरण अनुसूची ११ मा सङ्लग्न रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५२ **खर्चमा मितव्ययिता -** सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका अनुसार कार्यालयहरुले आफ्ना प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । पालिकाले यस वर्ष करार सेवा शुल्कमा रु.१,५९,६२,८२२।- विविध खर्चमा रु.२८,६८,०१८।-, भ्रमण तथा अन्य भ्रमण खर्च रु.२७,७०,०००।-, मसलन्द तथा कार्यालय सामाग्रीमा रु.६८,५२,४८१।-, घरभाडामा रु.८,९०,८२८।-, पदाधिकारी बैठक भत्ता रु.२७,३७,६५०।-, सेवा र परामर्समा रु.१८,८२,७३०।-, अन्य कार्यालय संचालन खर्च रु.९,९६,२८४।-, सभा संचालन खर्च रु. १०,०३,७४४।-, अनुगमन मुल्याङ्कन रु.६,५७,७१२।- खर्च गरेको छ । यस किसिमका खर्चमा नियन्त्रण गरी स्रोत साधनको उत्पादनशिल उपयोगमा पालिकाको ध्यान जानु पर्दछ ।

५३ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक

कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५४ **अग्रिम कर** - आयकर ऐन २०५८ को दफा ८७ मा बैंठक भत्ता भुक्तानी गर्दा १५ प्रतिशत अग्रिम कर कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाको सभा सञ्चातलनका लागि कार्यालय सहायक पाँचौ मणिचन्द्र कार्किले लिएको पेश्किस फस्र्यौट गर्दा अन्तिम रुपमा कट्टी भएको रु.३७,३५०। मध्ये रु.१६,०००। लेखापरीक्षण अवधिमा दाखिला भई वांकी कट्टी रकम दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,३५० |

५५ **आन्तरिक आय** - पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष आन्तरिक आय तर्फ रु.१६,८३,६४०।- यस वर्षको र गत वर्षको दाखिला गर्न वांकी रु.७,४१,१४१।- समेत रु.२४,२४,७८१।- सञ्चित कोष दाखिला गरेको छ । आन्तरिक आय सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन:

• आम्दानी भएको सवै राजस्व पालिकाको खातामा समावेश भएको छभनि यकिन गर्नसकिने अवस्था छैन ।

• यस वर्षको राजस्वभ अनुमान रु.३५,००,०००।- को तुलनामा जम्मा भएको आम्दानी रु.१६,८३,६४०।- दाखिला भएको अनुमानको तुलनामा ५२ प्रतिशतले घटि छ ।

• पालिकाले विगतमा उपलव्ध गराएका २०७९।८० मा उपलव्ध गराएका नगदी रसिद र असूली दाखिला र नगदी रसिद फिर्ता सम्वन्धी म.ले.प.फारम सम्वन्धी अभिले दुरुस्त नराखेकाले भिडान गर्ने अवस्था देखिएन । त्यस सम्वन्धी अभिलेख राखी असूली दाखिला सुनिश्चित गर्नुपर्दछ ।

५६ **बैकल्पिक शिक्षा सिकाई सामाग्री** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा प्रारम्भिक वाल विकास केन्द्रका पहुंच नभएका वालवालिकाले घरैमा वसि वैकल्पिक शिक्षण सामाग्रिको प्रयोगबाट वौद्धिक विकास गर्न सकुन भन्ने उद्देश्याले वैकल्पिक शिक्षण सामाग्रीको लाभ हुने अवधारणा लिएको छ । पालिकाले प्रारम्भिक वालविकास केन्द्रमा पहुंच नभएका वालवालिकाहरु संख्या यकिन गरेर मात्र त्यस्ता सामाग्री छपाउनु पर्नेमा त्यस्तो संख्या यकिन नगरी ११५० थानको लागि रु.३,७०,३५७। खर्च लेखेको छ भने उक्त सामाग्री लक्षित वर्गलाई वितरण नगरी स्टोरमानै राखेको छ । लक्षित वर्ग यकिन गरी उक्त सामाग्री वितरणमा पालिकाले ध्यान दिनु पर्दछ ।

५७ **सत्यापान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा विद्यार्थिहरुलाई छात्रवृत्ती, पाठ्यपुस्तक, दिवा खाजा लगायतका अनुदान उपलव्ध गराउंदा आई.एम.एस.का अतिरिक्त पालिकाले विद्यालयहरुमा स्थलगत रुपमा विद्यार्थिहरुको वास्तविक संख्या यकिन गरी अनुदान उपलव्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले अनुदान उपलव्ध गराउंदा आई.एम.एस.मा उल्लेखित संख्यालाई आधार मानि निकासा दिएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित भए अनुसार वास्तविक विद्यार्थि संख्याको आधारमा अनुदान उपलव्ध गराउनु पर्दछ ।

५८ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले अनुसूची १२ अनुसारका कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म

फस्यौंट नभई बाँकी रहेको देखिन्छ । म्याद नाघेको पेश्की रु. १,४३,१०,६६७।- फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | १,४३,१०,६६७ |

**(विस्तृत विवरण बेरूजु दफा ५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५९ **पेश्कि रकम फरक -** कार्यालयबाट प्राप्त बैंक नगदी किताव अनुसार चालु आर्थिक वर्षको पेश्कि रु.१,५३,१६,०००।- दिइएकोमा रु.१,६३,५६,०००।- पेश्कि् फछ्यौंट भएको देखिन्छ । यसरी दिएको पेश्किक भन्दा बढी रु.१०,४०,०००।- फस्यौंट भएको देखिएकोले पेश्की रकमको यथार्थता यकिन गर्न सकिने अवस्था देखिएन अतः कार्यालयले पेश्की रकम यकिन गर्नु पर्दछ ।

६० **आन्तरिक लेखापरीक्षण शाखा -** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६१ **पेश्कि रकम जोखिममा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५१ अनुसार पेश्कि जमानतको म्याद कार्य सम्पन्न गर्नुपर्ने अवधि भन्दा १ महिना बढीको हुनुपर्ने उल्लेख छ । ठेक्का नं.८।२०७९।८० वडा नं.५ भवन निर्माण कार्यको लागि २०८०।३।२५ भित्र कार्य सम्पन्न गरी निर्माण व्यवसायी आयुष निर्माण सेवाको कवोल अंक रु.५७,६१,७६५।— को सम्झौता मिति २०८०।१।२० भएको देखिन्छ । सम्झौता अनुसार निर्माण व्यवसायीलाई कृषि विकास बैंक चावहिल शाखाबाट जारी सन् २०२३।४।११ को पेश्कि जमानत रु.११,६०,०००।— को म्याद सन् २०२३।७।११ सम्म मात्र रहेको देखिन्छ । सम्झौता शर्त अनुसार ठेक्काको ८० प्रतिशत समयावधी समाप्त हुँदा पुरै पेश्की फर्छ्यट हुनुपर्नेमा उक्त निर्माण व्यवसायीलाई दिएको पेश्की रू.१०,००,०००।- २०८० आषाढ मसान्त सम्म बांकी नै देखिएकोले उक्त पेश्की रकम बैंक जमानत जफत गरी असूल हुनुपर्ने देखिएको रु.
उक्त निर्माण कार्यको म्याद हाल समाप्त भैसकेको र म्याद थप भएको प्रमाण पेश नभएबाट उक्त कार्यमा म्याद थप सम्वन्धी कारवाही भएको प्रमाण पेश हुनुपर्ने देखिन्छ । अन्यथा उक्त ठेक्का तोकी कालोसूचीमा राख्नेय तर्फ कारवाही अगाडि बढाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००,००० |

६२ **विल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा लेखा राख्दा खर्चको विल भरपाई तथा प्रमाण समावेश गरी लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकाका प्राविधिक कर्मचारीहरुलाई १५ दिने AUTO CARD (२D) समबन्धीतालिम दिन एफ. एण्ड. डि.डिजाइन एण्ड कन्सलटेसन कं.प्रा.लि., बाँके ले तालिम सञ्चालन गरेकोमा सम्झौता वमोजिम भौ.नं. १९७-२०७९-१२-२७ बाट भुक्तानी गरेको रु.१,४१,२५०।— को सक्कल विजक पेश गरेको छैन भने

कर्मचारीहरुलाई भुक्तानी भएको रु.१,८९,५५०।— नविन बुमीको नाममा खर्च लेखेकोमा कर्मचारीहरुले बुझेको भरपाई समावेश गरेको छैन । सक्कल विल तथा भरपाई समावेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६४,२५० |

६३ **बढी भूक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार निर्माण कार्यको मूल्याङ्कन, नापी नुसार भएको कार्यको भुक्तानी खर्च लेख्नु पर्ने उल्लेख छ । कार्यालयले अनुसूची १३ अनुसार निर्माण कार्यमा नापजाँच मुल्याङ्कन तथा कार्य सम्पन्न भएको आधारमा नभई सम्झौताको आधारमा भुक्तानी खर्च लेखी वढी भुक्तानी दिएको रकम सम्बन्धित वाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,१०२ |

**(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६४ **कार्यक्रम संशोधन -** नगरसभाबाट पारीत भएको योजना मध्ये ११ औं हिउदे गाउसभाको मिति २०७९।९।२९ को निर्णय नं.२१ सवारी साधन खरिद शिर्षकबाट कार्यक्रम संसोधन गरी वडा कार्यालयको लागि सोलार पावर व्यवस्थामा रु.३०,००,०००।— को वजेट व्यवस्था भै रु.२८,३२,३४९।— भुक्तानी खर्च लेखेको देखिन्छ । यसरी खरिद भएका २६ थान सोलार जडान नभएको अवस्थामा भुक्तानी खर्च लेखेको र लेखापरीक्षण २०८०।५।१२ वाट उक्त सामाग्री वुझि लिएको अवस्थाले जडान कार्य नहुदै भुक्तानी खर्च लेखे कार्यमा नियन्त्रण हुनु पर्दछ ।

६५ **संघीय सरकार पूजिगत**

६५.१ **सामाग्री हस्तान्तरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली २०७७ को नियम १०५(२) मा नगदी जिन्सी वा सरकारी कागजात हस्तान्तरण गर्दा फाराम भरी हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले भौ. नं. २०-२०८०-३- बाट जिल्ला अदालत मुगुको च.नं.३९२ मिति २०७९।८।१८ को पत्र अनुसार आठवटा व्याट्री, प्यान, ईन्भटर समेत धौलागिरी सोलार इलेक्ट्रोनिक्सको विल भुक्तानीको लागि लेखी पठाएको र उक्त रकम यस कार्यालयवाट रु.४,२६,९०५।— भुक्तानी खर्च लेखेकोमा उक्त सामान हस्तान्तरण भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२६,९०५ |

६५.२ **ढुवानी भाडा—** सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ३ अनुसार ढुवानी भाडा भूक्तानीमा लागत अनुमान तयार गर्नुपर्ने, मु.अ.करमा दर्ता भएको संग मात्र कारोबार गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार ढुवानी भाडा भुक्तानी खर्च लेखेकोमा लागत अनुमान तयार नगरेको र मु.अ.करमा दर्ता पार्टी संग कारोबार गरेको समेत नदेखिएकोले ऐन नियममा भएको व्यवस्थाको पालना हुनु पर्दछ ।

| **भौ.नं. र मिति** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|
| ५७।२०८०।३।२२ | विभिन्न निवेदक ८ जना | ४०४०५१।- |
| ५८।२०८०।३।२२ | विभिन्न निवेदक ६ जना | १०६५००।- |

| | | |
|---|---|---|
| | **जम्मा** | **५१०५५१।-** |

६६ **लागत अनुमान बिना योजना सञ्चालन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम एक लाख भन्दा माथिको खरिद वा निर्माण कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्दछ । साथै लागत अनुमान तयार गरी सम्झौता अनुसार काम सम्पन्न भई सकेपछि नापजाँच गरी कार्य सम्पन्नको आधारमा रकम भुक्तानी गरिनु पर्दछ । कार्यालयले अनुसूची १४ बमोजिमको योजना भुक्तानी एवम् खरिदमा लागत अनुमान तयार नगरी भुक्तानी गरेकोले खर्च पुष्ट्याँईको आवश्यक कागज पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,३२,३४९ |

**(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६७ **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेट र लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यस प्रकार रहेका छन :

| **भौ.नं., मिति** | **कामको विवरण** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **भुक्तानी विल पेश** |
|---|---|---|---|---|
| १७।२०७९।९।२९ | आसीधारा गेट पातीहाल्ना सडक उ.स. | डि.आर.कन्ट्रक्सन | १८५४६४५ | १६१२८०० |
| ५६।२०७९।१२।१३ | कान्डाडा लुटाया सडक उ.स. | निसान निर्माण सेवा | २२९९८३० | १५९१००० |
| ९२।२०८०।२।११ | हेर्नी फुक्याल्ड सडक उ.स. | डि.आर.कन्ट्रक्सन | २४२३६३८ | १९२०००२ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ।

६८ **लेखापरीक्षण नभएको** - सिप बुम्च गुयलपानी सिरुपाटा सडक निर्माण उपभोक्ता समिति संग लागत अनुमान रु.१६,६७,५४२।८० मध्ये गा.पा.बाट रु.१५,००,०००।— र जन श्रमदान रु.१,६७,५४२।— व्यहोर्ने गरी सम्झौता भएको र भौ. नं. ६५-२०७९-१२-२७ बाट डि.आर कन्ट्रक्सनको रु.११,१०,५७६।७५ को विल र कार्य प्रतिवेदन, मुल्याकंन विल पेश भएको अवस्थामा उक्त श्रेस्ता अनुसन्धानको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएकोले उक्त कार्यको लेखापरीक्षण हुन नसकेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,१०,५७६ |

६९ **प्रमाण कागजात -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । कार्यालयले अनुसूची १५ अनुसार भूक्तानी खर्च लेखेकोमा श्रेस्ता साथ संलग्न हुनुपर्नेदेहाय अनुसारका प्रमाण कागजात संलग्न नगरी भूक्तानी खर्च लेखेकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,५९,९३८ |

**(विस्तृत विवरण बेरूजु दफा ६९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७० **लागत सहभागिता -** पालिकाले आयोजना / कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

७१ **जनश्रमदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समितिमार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले ब्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ। तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको अनुसूची १६ अनुसारको रकम असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७१,७७२ |

**(विस्तृत विवरण बेरूजु दफा ७१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७२ **सव कन्ट्याक्टरबाट काम गराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले आफै काम गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनुपर्दछ ।

| **भौ.नं., मिति** | **कामको विवरण** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **भुक्तानी विल पेश** |
|---|---|---|---|---|
| १७।२०७९।९।२९ | आसीधारा गेट पातीहाल्ना सडक उ.स. | डि.आर.कन्ट्रक्सन | १८५४६४५ | १६१२८०० |
| ५६।२०७९।१२।१३ | कान्डाडा लुटाया सडक उ.स. | निसान निर्माण सेवा | २२९९८३० | १५९१००० |
| ९२।२०८०। | | | | |
| | | **जम्मा** | ४१५४४७५ | ३२०३८००० |

७३ **कार्य योजना स्वीकृत नगरेको -** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ। यस पालिका भित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्य योजना स्वीकृत नगरेको र वन पैदाबारको बिक्रीबाट प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा जम्मा गरेको समेत पाइएन। कार्य योजना स्वीकृत गराउने र वन पैदावारको बिक्री वापत प्राप्त हुने रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यबस्था हुनु पर्दछ।

७४ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी एक व्यक्तिलाई रु.१,५०,०००। आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आयको ५-५० प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

७५ **गाउंपालिका कमर्शियल भवन निर्माण**

७५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३)अनुसार सार्वजनिक निर्माण स्थलको व्यवस्था नभई खरिद सम्वन्धी कारवाही गर्न नहुने व्यवस्था छ । गाउंपालिका कार्यालयले ठेक्का नं.१।२०७९।८० गाउंपालिका कमर्शियल भवन निर्माण तला थप कार्यको लागि मिति २०८०।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।११।२८ मा सम्झौता भै पेश्कीग वापत रु.८,४०,०००।— भुक्तानी खर्च लेखेकोमा देखिएका व्यहोरा निम्नानुसार रहेका छनः

७५.२ मुल्य अभिवृद्धि कर र प्रोभिजनल सम समेत कवोल अंक रु.४२,२७,३२२।७४ को २० प्रतिशतले हुने रकम रु.८,४०,०००।— एकै पटक भूक्तानी खर्च लेखेकोमा नेविल बैंक तिनधाराबाट १९,२० मार्च २०२३ मा जारी अग्रिम पेश्कि जमानत अनुसार क्रमशः रु.५,७३,०००।— र रु.१,७५,०००।— समेत रु.७,४८,०००।— मात्र पेश्कि खर्च लेख्नु पर्नेमा रु.९२,०००।— बढी पेश्कि भुक्तानी भएको रकममा १० प्रतिशत व्याज रु.९,२००।— समेत रु.१,०१,२००।— बढी भुक्तानी असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,२०० |

७५.३ मिति २०२२ मार्च १९ र २० मा जारी पेश्कि जमानतको म्याद क्रमशः २६ जुलाई २०२३ र १७ जुन २०२३ सम्म मात्र रहेकोमा पेश्किख रकम बांकी नै देखिएकोले रु.५,७३,०००।— को म्याद जेष्ठ मसान्त सम्ममा समाप्त भै सकेको र रु.१,७५,०००।— म्याद समेत समाप्त भै सकेको अवस्थामा अग्रिम बैंक जमानतको रकम जम्मा गरिदिन नविल बैंक कोहलपुरलाई अनुरोध गरेता पनि हालसम्म फिर्ता प्राप्त नभएकोले उक्त पेश्किि रकम जोखिममा रहेको अवस्था देखिएकोले उक्त पेश्कि रकम असूल फछ्र्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ८,४०,००० |

७५.४ गाउं कार्यपालिकाको नाममा जग्गा तथा भवन उपलव्ध नभएको र विद्यालयको घर जग्गामा निर्माण कार्य गराउंदा सार्वजनिक खरिद ऐन नियम विपरित देखिएकोले उक्त कार्यमा संलग्न पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

७६ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ।पालिकाले यो वर्ष शिक्षकहरुको तलवी प्रतिवेदन पारित गरेता पनि अन्य कर्मचारीहरुको तलव प्रतिवेदन पारित नगराई तलवमा रु.३,९७,९३,६८९।- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा वढी तलब भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ताभुक्तानी गर्नुपर्दछ ।

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान: सोरु गाउँपालिका , मुगु**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बीरेन्द्र मल्ल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राज बहादुर भण्डारी | २०७९-१-५ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १७,३१७,३२० | ५७,८१९,३१० | २६,६४७,७८१ | ० | ० | १५,१५०,६६७ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ११६,९३५,०७८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ११६,९३५,०७८ |

**स्थानीय तह :**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६०८८३९०६.०६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९८८०७१९१.४६ | **चालु खर्च** | ३४९१६६८५८.९८ |
| **प्रदेश सरकारबाट अनुदान** | ६५४८३२०३ | **पूँजीगत खर्च** | १९४४८३९८९.६७ |
| **राजश्व बाँडफाँट** | ७१४९१६५८.९६ | **वित्तीय/अन्य व्यवस्था** | ९५५४२६५.० |
| **आन्तरिक आय** | २७२४०७३.० | | |
| **अन्य आय** | २२७९७४६.०८ | | |
| **कुल आय** | ५४०७८५८७२.५ | **कुल खर्च** | ५५३२०५११३.६५ |
| **बाँकी मौज्दात** | | ४८४६४६६४.९१ | |

**बेरूजु दफा ४ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| १. | **गत वर्षको जिम्मेवारी** | | | १. | चालु खर्च | | २८३४०३३५२ |
| | क) नगद तथा बैंक मौज्दात | | ४८२२४१८५ | २. | पूँजीगत खर्च | | १६६६२३७७८ |
| २. | राजस्व (आन्तरिक आय) | | ७४२१५७३२ | ३. | धरौटी फिर्ता | | १७७००० |
| | क) आन्तरिक राजस्व | २७२४०७३ | | ४. | ग २.७ कोष खर्च | | ९२९३५३६ |
| | ख) राजस्व बाँडफाँड | ७०८५९२१० | | ५. | संचित कोष मा मौज्दात रकम | | ४३०७९४६३ |
| | ग) प्रदेश राजस्व बाँडफाँड | ६३२४५० | | ६. | सामाजिक सुरक्षा | | ६४२२२३९१ |
| ३. | वित्तीय हस्तान्तरण | | ३०५१८३४७३ | ७. | गरिवसँग विश्वेश्वर कार्यक्रम | | ६१२०२० |
| | क) वित्तीय समानीकरण अनुदान | ८९८४४१३९ | | ८. | एकिकृत स्वास्थ पुर्वाधार विकास कार्यक्रम | | २६८६०२११ |
| | ख) सशर्त अनुदान | २१५३३९३३४ | | ९. | सवारी साधन एम्बुलेन्स खरिद | | १०००००० |
| ४. | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ६५४८३२०३ | १०. | बहुक्षेत्रीय पोषण कार्यक्रम | | ९२९०९६ |
| | क) वित्तीय समानीकरण अनुदान | १००४१००० | | ११. | विपद व्यवस्थापन | | १०००००० |
| | ख) सशर्त अनुदान | ५५४४२२०३ | | १२. | कर्मचारी कल्याण कोष | | |
| ५. | अन्तर सरकारी- संघिय सरकार | | ९१६९४६२२ | १३. | धरौटी | | २५८२७४६ |
| | क.सामाजिक सुरक्षा | ६४२२२३९१ | | १४. | स्थानिय तह विविध कोष मौज्दात रकम | | १६०८७९१९ |
| | ख.गरिवसँग विश्वेश्वर कार्यक्रम | ६१२०२० | | | | | |
| | ग.एकिकृत स्वास्थ पुर्वाधार विकास कार्यक्रम | २६८६०२११ | | | | | |

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| ६. | अन्तर सरकारी प्रदेश सरकार | | १९२९०९६ | | | | |
| | सवारी साधन खरिद- एम्बुलेन्स | १०००००० | | | | | |
| | बहुक्षेत्रीय पोषण कार्यक्रम | ९२९०९६ | | | | | |
| ७. | स्थानिय तह प्रकोप व्यवस्थापनकोष | | १०००००० | | | | |
| ८. | स्थानिय तह विविध कोष खाता | | २५३८१४५५ | | | | |
| ९. | धरौंटी आय | | २७५९७४६ | | | | |
| | **जम्मा** | | **६१५८७१५१२** | | **जम्मा** | | **६१५८७१५१२** |

**बेरूजु दफा ७ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २७५१९०००।- | १९४४५७९३। | ७०.६६ |
| २ | पूर्वाधार विकास | १६७६८९०५०। | १२४२५५९७५। | ७४.०९ |
| ३ | सामाजिक विकास | २२५७४५५१६।६४ | १९९७९८६८४।०४ | ८८.५१ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २८७७४९२६। | २०२७४३३१। | ७०.४५ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०१७०१३६७।५२ | ८६२५२३४६।९४ | ८४.८१ |
| **जम्मा** | | **५५१४१९८६०।१६** | **४५००२७१३०।२३** | ८१.६१ |

**बेरूजु दफा ९ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | ५४१ | २३ | ५९ | ७३ | ३८६ |

**बेरूजु दफा १४ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संघीय सरकार पूंजिगत | २९६६९१६३। | ० | ५६७५००। | ३५७८८५०। | २५५२२८१३। | २१२५२५३४। |
| प्रदेश सरका पूंजिगत | ५४०८२२४४। | ० | ० | ० | ५४०८२२४४। | ५०१४१२०३०। |
| गाउंपालिका पूंजिगत | ८२८७२३७१।- | ० | ७५९७९०१। | १७५३५६३४। | ५७७३८८३६। | ३५६१६६२०। |
| जम्मा | १६६६२३७७८।- | ० | ८१६५४०१।- | २१११४४८४।- | १३७३४३८९३। | १०७०१०३८४।- |
| | **प्रतिशत** | ० | ४.९० | १२.६७ | ८२.४२ | ६४.२२ |

**बेरूजु दफा ३७ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| **क सं** | **गोभौनं./मिति** | **भुक्तानी पाउनेको नाम** | **प्यान नं.** | **भुक्तानी रकम** | **मुअकर कर रकम** | **नन फाइलर रहेको मिति** |
|---|---|---|---|---|---|---|
| १ | ७०।२०८०।१।२१ | एन.वि.ए.कन्ट्रक्सन | ३०३४७०७८६ | १३३०१६४।- | १५३०२७।- | २०७९ महिना ५ |
| २ | १३।२०७९।९।२९ | एन.वि.ए.कन्ट्रक्सन | ३०३४७०७८६ | ४१०८७६।- | ४७२६९।- | २०७९ महिना ५ |
| ३ | - | बिजुली निर्माण सेवा | - | २८६९०९६।८८ | ३३००७३।०९ | २०७९ कार्तिक देखि |
| ४ | - | बि एस निर्माण सेवा | - | २३९९६४७।०० | २७६०६६।०० | २०७९ माघ देखि |
| | | **जम्मा** | | **७००९७८३।८८** | **८०६४३५।०९** | |

**बेरूजु दफा ३९ सँग सम्बन्धित विवरण - अनुसूची -७**

| **भौ.नं., मिति** | **सामाग्रीको विवरण** | **पार्टीको नाम** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ७०।२०८०।१।२१ | ग्यावियन वक्स २२६ वटा समेत | एन.वि.ए.कन्ट्रक्सन | १३३०१६४। | निर्माण कार्यमा प्रयोग तथा कार्य मूल्यांकन पेश नभएको |
| ७५।२०८०।१।२५ | सिमेन्ट दण्डी समेत निर्माण सामाग्री | सत्यराज कन्ट्रक्सन | ६७५१४७।- | निर्माण कार्यमा प्रयोग तथा कार्य मूल्यांकन पेश नभएको |
| ९२।२०८०।२।११ | ग्याविन खरिद ११२ वटा | मनिषा ट्रेडर्स | ४५१५८४।- | निर्माण कार्यमा प्रयोग तथा कार्य मूल्यांकन पेश नभएको |

| | | | | |
|---|---|---|---|---|
| ९२।२०८०।२।११ | ग्यावन खरिद ८२ वटा | रिजन निर्माण सेवा | ३३६००२।- | निर्माण कार्यमा प्रयोग तथा कार्य मूल्याकंन पेश नभएको |
| ९९।२०८०।२।१२ | सिमेण्ट पाइप खरिद | मनिषा टेडर्स | १४७४५९। | निर्माण कार्यमा प्रयोग तथा कार्य मूल्याकंन पेश नभएको |
| संघीय सरकार २।२०८०।२।२९ | तारजाली खरिद | प्रेम टेडर्स | ९६२३६१। | निर्माण कार्यमा प्रयोग तथा कार्य मूल्याकंन पेश नभएको |
| संघीय सरकार १०।२०८०।३।२३ | तारजाली खरिद | सत्यराज टेडर्स | ७६३५४९। | निर्माण कार्यमा प्रयोग तथा कार्य मूल्याकंन पेश नभएको |
| | | **जम्मा** | ४६६६२६६। | |

**बेरूजु दफा ४३ सँग सम्बन्धित विवरण - अनुसूची -८**

| क. सं. | गोभौनं./मिति | भुक्तानी पाउने | काम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १३।२०७९।९।२९ | सुरज निर्माण सेवा | ढनढने खोला तटबन्ध | ४०३३२४।- | दररेट माग ३ वटा संग |
| २ | १३।२०७९।९।२९ | एन.वि.ए.कन्ट्रक्सन | सिप पहिरो तटबन्ध | ४१०८७६।- | दररेट माग ३ वटा संग |
| ३ | ४१।२०७९।११।३० | सत्यराज कन्ट्रक्सन | सोरुवर्मा प्रहरी चौकी मर्मत | ४७८८७९।- | दररेट माग ३ वटा संग |
| ४ | ४४।२०७९।१२।१ | सरोज निर्माण सेवा | सडक मर्मत कार्य | ३३३११७।- | दररेट माग ३ वटा संग |
| ५ | ४५।२०७९।१२।१ | वि.एस.निर्माण सेवा | गुल्मा देखि कुलाहा सडक | ९५८६२९।- | दररेट माग ३ वटा संग |
| ६ | ६१।२०७९।१२।१४ | कैलास निर्माण सेवा | आसीधारा पातिहाल्ना सडक | ९९४३५७।- | दररेट माग ३ वटा संग |
| ७ | ६३।२०७९।१२।२२ | आयुस निर्माण सेवा | गमगडी देखि आसीधारा सडक | ८२८६७३।- | दररेट माग ३ वटा संग |
| ८ | १४।२०७९।९।२९ | सत्यराज कन्ट्रक्सन | पेर गोललाङ्ग सडक मर्मत | ९४००४४।- | दररेट माग ३ वटा संग |
| ९ | १४।२०७९।९।२९ | डि.आर.कन्ट्रक्सन | खनाया आसीधारा सडक मर्मत | ९५०३८९।- | दररेट माग ३ वटा संग |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | २९।२०७९।१०।२० | चौलागाइ कन्ट्रक्सन | खोचिखोला तटवन्ध निर्माण | ४५०००३।- | दररेट माग ३ वटा संग |
| ११ | २१७।२०८०।३।२३ | चौलागाइ इलेक्ट्रोनिक्स | सोलार खरिद | १३२०३७६।- | दररेट माग ३ वटा संग |
| १२ | २१७।२०८०।३।२३ | धौलागिरी इलेक्ट्रोनिक्स | सोलार खरिद | १२१५८८४।- | दररेट माग ३ वटा संग |
| १३ | २२४।२०८०।३।२३ | धौलागिरी इलेक्ट्रोनिक्स | सोलार खरिद | २९६०८९।- | दररेट माग ३ वटा संग |
| १४ | ७८।२०८०।२।४ | आयुष निर्माण सेवा | निर्माण सामाग्री | ४०३४१९।- | दररेट माग ३ वटा संग |
| १५ | १५०।२०८०।३।१२ | मनिषा ट्रेडर्स | कुटानी पिसानी मिल | ३९९५५०।- | दररेट माग ३ वटा संग |
| १६ | १५१।२०८०।३।१२ | मनिषा ट्रेडर्स | कुटानी पिसानी मिल | ३९९७००।- | दररेट माग ३ वटा संग |
| १७ | १२८।२०८०।२।२९ | भण्डारी ट्रेडर्स | कुटानी पिसानी मिल | ३९९५००।- | दररेट माग ३ वटा संग |
| १८ | १७०।२०८०।३।१६ | सत्यराज कन्ट्रक्सन | कुटानी पिसानी मिल | ३०००००।- | दररेट माग ३ वटा संग |
| १९ | ९२।२।११ | मनिषा ट्रडर्स | उच्चे खोला तटवन्धन मर्मत | ४५१५८४। | |
| २० | ४।२।२९ | प्रेम टेर्डस | तारजाली खरिद २५३ वटा | ९६२३६१। | सघीय सरकार पुंजीगत |
| २१ | १०।३।२३ | सत्यराज कन्ट्रक्सन | तारजाली खरिद १७४ वटा | ७६३५४९। | संघीय सरकार पुंजीगत |
| | | | **जम्मा** | **१३६६०३०३।** | |

## बेरूजु दफा ५० सँग सम्बन्धित विवरण - अनुसूची -९

| **भौ.नं.,मिति** | **पार्टीको नाम** | **नम्वर** | **भुक्तानी रकम** | **मु.अ.कर रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| ९२।२।११ | मनिषा ट्रेडर्स | ६०१३४२४०० | ४५१५८४। | ५१९५२। | कर विजक केरमेट गरी सच्याएको |
| ९९।२।१२ | मनिषा ट्रेडर्स | ६०१३४२४०० | १४७४५९। | १६९६४।- | कर विजक केरमेट गरी सच्याएको |
| ९२।२।११ | रिजन निर्माण सेवा | ६०१३४२४०० | ३३६००२। | ३८६५५। | कर विजक केरमेट गरी सच्याएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ११३।२।२१ | जनता ट्रेडर्स | ३०४७८३५२६ | २५१८६६। | २८९७५। | कर विजक केरमेट गरी सच्याएको |
| | | **जम्मा** | ११८९४२७। | १३६५४६। | |

**बेरूजु दफा ५१ सँग सम्बन्धित विवरण - अनुसूची -१०**

| **सि.नं** | **विवरण** | **अध्यक्ष** | **उपाध्यक्ष** | **वडाअध्यक्ष जना** | **कार्यपालिका सदस्य जना** | **सभाका सदस्य जना** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ११४००० | १०९५०० | ३२५०० | २६५०० | ७५०० | २९०००० |
| २ | यातायात खर्च र समन्वय र सहजिकरण | १८०००० | १४४००० | ८४००० | ६६००० | २४००० | ४९८००० |
| ३ | टेलिफोन, मोबाइल | ३६००० | ३६००० | ३६००० | २४००० | १८००० | १५०००० |
| ४ | पुस्तक, पत्रीका, ईन्टरनेट | ७२००० | ७२००० | ७२००० | २४००० | १८००० | २५८००० |
| ५ | समन्वय तथा सहजीकरण | ४८००० | ३६००० | २४००० | १८००० | १५००० | १४१००० |
| ६ | अतिथि सत्कार | ६०००० | ४८००० | २४००० | १८००० | १५००० | १६५००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ४८००० | ३६००० | २४००० | १८००० | १५००० | १४१००० |
| ८ | चाडपर्व खर्च | ३३००० | २८००० | २०००० | १०५०० | ५५०० | ९७००० |
| | **जम्मा** | **५९१०००** | **५०९५००** | **३१६५००** | **२०५०००** | **११८०००** | **१७४००००** |

**बेरूजु दफा ५८ सँग सम्बन्धित विवरण - अनुसूची -११**

| **मिति** | **पेश्कि लिनेको पद र नाम थर** | **पेश्कि रकम** | **कैफियत** |
|---|---|---|---|
| २०८०।१।२४ | दलित महिला वडा सदस्य जानसरा कुमाल | १५०००।- | पदाधिकारी पेश्कि |
| २०७९।४।१ | अधिकृत आठौ कर्णबहादुर सावत | ४००००।- | पदाधिकारी पेश्कि |
| २०७९।४।१ | अधिकृत आठौ कर्णबहादुर सावत | ३१६६९४। | पदाधिकारी पेश्कि |
| २०८०।२।१६ | हेल्थ असिस्टेन्ट गौरी जैसी | २००००।- | पदाधिकारी पेश्कि |
| २०८०।२।१६ | जनस्वास्थ्य निरीक्षक चरित्र धामी | २००००।- | पदाधिकारी पेश्कि |
| २०८०।२।१६ | हेल्थ असिस्टेन्ट प्रेम रोकाया | २००००।- | पदाधिकारी पेश्कि |
| २०८०।२।१६ | हेल्थ असिस्टेन्ट हिरासिंह नेपाली | २००००।- | पदाधिकारी पेश्कि |
| २०८०।२।१७ | हेल्थ असिस्टेन्ट सुरज कुमार शाही | ९००००।- | पदाधिकारी पेश्कि |
| २०८०।२।३० | हेल्थ असिस्टेन्ट राजेन्द्र बहादुर छन्त्याल | १०००००। | पदाधिकारी पेश्कि |
| २०८०।२।३० | हेल्थ असिस्टेन्ट राजेन्द्र बहादुर छन्त्याल | २००००। | पदाधिकारी पेश्कि |

| | | | |
|---|---|---|---|
| २०८०।३।२४ | अ.न.मी.राजदेवी शाही | १०००००।- | पदाधिकारी पेश्कि |
| २०७९।१२।१४ | निसान निर्माण सेवा | ८४००००।- | निर्माण व्यवसायी पेश्कि |
| २०७९।१२।१४ | हिमाल निर्माण सेवा | (५२००००।) | निर्माण व्यवसायी पेश्कि |
| २०८०।२।१८ | आयुश निर्माण सेवा | १००००००। | निर्माण व्यवसायी पेश्कि |
| २०७९।४।१ | नेपाल राष्ट्रिय मा.वि.थैनकोट | ६५००००।- | संस्थागत पेश्की |
| २०७९।१२।१४ | भवानी माध्यामिक विद्यालय, पुरुमुरु | ६५००००।- | संस्थागत पेश्की |
| २०७९।४।१ | युवा वर्ष नि.मा.वि.सोरुकोट मुगु | ६५००००। | संस्थागत पेश्की |
| २०७९।४।१ | स्वास्थ्य चौकी रारा कच्चे | ५००००। | संस्थागत पेश्की |
| २०७९।९।२९ | कैलाश प्रा.वि., नचारा | ५०००००। | संस्थागत पेश्की |
| २०७९।१०।१७ | नेपाल राष्ट्रिय माध्यामिक वि.थैनकोट | ९२४००।- | संस्थागत पेश्की |
| २०७९।१०।२० | मालिका प्रा.वि., मुगु | १८३३०००। | संस्थागत पेश्की |
| २०८०।१।१२ | विजय मा.वि., कालै | ३३००००।- | संस्थागत पेश्की |
| २०८०।२।१ | स्वास्थ्य चौकी, जीमा | १०६०००।- | संस्थागत पेश्की |
| २०८०।२।९ | थैन स्वास्थ्य चौकी, थैनकोट | ७५६००।- | संस्थागत पेश्की |
| २०८०।२।९ | भिई स्वास्थ्य चौकी | २५२००।- | संस्थागत पेश्की |
| २०८०।२।१६ | स्वास्थ्य चौकी, खनाया | ३१५००।- | संस्थागत पेश्की |
| २०८०।३।२४ | ग्लोबल रिसर्च सोसाइटि प्रा.लि. | १५००००।- | संस्थागत पेश्की |
| २०७९।४।१ | कर्ण वहादुर साँवत | २०००००।- | व्यक्तिगत पेश्की |
| २०७९।४।१ | कर्ण वहादुर साँवत | ८५०००।- | व्यक्तिगत पेश्की |
| २०७९।४।१ | ज्ञान बहादुर शाही | ४९००००।- | व्यक्तिगत पेश्की |
| २०७९।४।१ | बिग इन्फोसिस | २५००००।- | व्यक्तिगत पेश्की |
| २०७९।४।१ | भम बहादुर बुढा | ३०००००।- | व्यक्तिगत पेश्की |
| २०७९।४।१ | विष्णु महतारा | २००००।- | व्यक्तिगत पेश्की |
| २०८०।१।२४ | रवि धामी | ४१२७००।- | व्यक्तिगत पेश्की |
| २०८०।२।१ | सुरज कुमार शाही | २००००।- | व्यक्तिगत पेश्की |
| २०८०।२।२६ | रवि धामी | २६८७७००।- | व्यक्तिगत पेश्की |
| २०७९।९।२५ | स्याउ फाराम घेरवार, सोरु | १६५०००।- | उपभोक्ता पेश्की |
| २०७९।९।२९ | दइ मष्टा मन्दिर | ९९०००।- | उपभोक्ता पेश्की |

| | | | |
|---|---|---|---|
| २०७९।१०।१८ | लौडदेखि गिलौजी सम्म खा.पा.निर्माण | २०००००।- | उपभोक्ता पेश्की |
| २०७९।१०।२० | माल्याजुर खानेपानी निर्माण | ९९०००।- | उपभोक्ता पेश्की |
| २०७९।१०।२७ | गुरुदेव मन्दिर निर्माण उ.स. | ९९०००।- | उपभोक्ता पेश्की |
| २०७९।११।२५ | शिवनारायण मन्दिर निर्माण उ.स. | ९९०००।- | उपभोक्ता पेश्की |
| २०८०।२।१० | महिला अधिकार मन्च | ११७१०९।- | उपभोक्ता पेश्की |
| २०८०।३।२४ | नेरघट्ट ट्रस निर्माण योजना | ७०१७६४।- | उपभोक्ता पेश्की |
| | **जम्मा** | **१४३१०६६७।** | |

**बेरूजु दफा ६३ सँग सम्बन्धित विवरण - अनुसूची -१२**

| **भौ.नं.।मिति** | **कामको विवरण** | **पार्टीको नाम** | **कार्यसम्पन्न तथा मूल्याङ्कन** | **भुक्तानी भएको** | **वढी भुक्तानी** |
|---|---|---|---|---|---|
| १३।२०७९।९।२९ | सिप पहिरो तटवन्ध निर्माण | एन.वि.ए. कन्ट्रक्सन | ४०९६५५।- | ४१०८७६।- | १२२१।- |
| १३।२०७९।९।२९ | दनदने खोला तटवन्ध निर्माण | सुरज निर्माण सेवा | ३९८४१३।- | ४०३३२४।- | ४९१०।- |
| १४।२०७९।९।२९ | पेर गोललाडु सडक मर्मत | सत्यराज कन्ट्रक्सन | ९२५१६७।- | ९४००४४।- | १४८७६।- |
| १४।२०७९।९।२९ | खानाया आसीधारा सडक मर्मत | डि.आर.कन्ट्रक्सन | ९५०३८९।- | ९५३०४२।- | २६५३।- |
| २९।२०७९।१०।२० | खोचीखोला तटवन्ध निर्माण | चौलागाई कन्ट्रक्सन | ४४७५६१। | ४५०००३।- | २४४२।- |
| | | **जम्मा** | | | **२६१०२।-** |

**बेरूजु दफा ६६ सँग सम्बन्धित विवरण - अनुसूची -१३**

| **क सं** | **भौ.नं/मिति** | **ब उ शी नं** | **काम** | **भुक्तानी पाउने** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| १ | २१७।२०८०।३।२३ | गाउंपालिका पूंजिगत | सोलार खरिद | चौलागाई इलोक्टोनिक्स | १३२०३७६। |
| २ | २१७।२०८०।३।२३ | गाउंपालिका पूंजिगत | सोलार खरिद | धौलागिरी इलेक्ट्रोनिक्स | १२१५८८४।- |
| ३ | २२४।२०८०।३।२३ | गाउंपालिका पूंजिगत | सोलार खरिद | धौलागिरी इलेक्ट्रोनिक्स | २९६०८९। |
| | **जम्मा** | | | | **२८३२३४९।-** |

**बेरूजु दफा ६९ सँग सम्बन्धित विवरण - अनुसूची -१४**

| भौ.नं.,मिति | विवरण | सम्झौता | मुल्याङ्कन | विलभरपाई पेश | विल भरपाई पेश नभएको |
|---|---|---|---|---|---|
| १७।२०७९।९।२९ | आसीधारा गेटपातीहाल्ना सडक उ.स. | १८५४६४५।- | १७९७७१३। | १६१२८००। | १८४९१३।- |
| ६६।१२।३० | मोटरसाइकल खरिद नभ इन्टरप्राइजेज | ६४९९९९।- | | ६४९९९९।- | लागत अनुमान, दररेट र कम्पनीको मूल्य सूची पेश नभएको |
| ४७।१२।१ | विजय मा.वि फर्निचर | १०००००।- | - | १०००००।- | प्राविधिक मुल्याङ्कन अनुगमन समितिको प्रतिवेदन वेगर |
| ५६।१२।१३ | कान्डाडारुख लुयाटा सडक निर्माण | २२९९८३०।- | १९०६८७०। | १५९१०००।- | ३१५८७०।— कार्य सम्पन्न प्रतिवेदन पेश छैन |
| ६७।२०८०।१।५ | बीमा वापत शिखर इन्सोरेन्स | - | - | २१०२०।- | विल कागजात पेश छैन |
| ६७।३।१९ | कागवैन्या पालिखेत झुलझुले खानेपानी | - | ५२०३५३। | ४४४२५५। | ४४४२५५।— कार्य सम्पन्न प्रतिवेदन पेश नभएको |
| ९०।२।१० | गैराधुपी कौडाल सिचाई कुलो | ८९४०१६। | ६८४३८५। | ६८४३८५। | ६८४३८५। कार्य सम्पन्न प्रतिवेदन पेश नभएको |
| ४०।३।१६ | रेन्बो मिडिया प्रा.लि./ अन्नपूर्ण एडभरटाइडिङ्ग | - | - | १३०५१५। | १३०५१५ सक्कल विल पेश नभएको । |
| | **जम्मा** | | | | **१७५९९३८।** |

## बेरूजु दफा ७१ सँग सम्बन्धित विवरण - अनुसूची -१५

| गो.भा.नं.,मिति | व.उ.शि.नं. | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले वेहोर्ने प्रतिशत | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|---|
| २०८०।२।७ | पुंजिगत पालिका | रारा मा.वि.भवन निर्माण | ११२३८५७।- | ११०१६९७। | ११ | ८४७३। |
| ९०।२।१० | पुंजिगत पालिका | गैराधुपी कौडाल सिंचाई | ८९४०१६। | ६८४३८५। | २१ | ४४०२२। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १००।२।१२ | पुंजिगत पालिका | झाडवुडा डिलसारा खानेपानी | ३५२८२४। | ३३६७६५। | १५ | १३७५०। |
| १६८।३।१६ | पुंजिगत पालिका | रुम गोरेटो बाटो निर्माण | ११६९१३४। | ११५८६३९। | १४ | २४०८। |
| १७५।३।१८ | पुंजिगत पालिका | इ.सि.डि.भनन निर्माण तारापानी | ११६९९८३। | १०४९२७६। | १४ | १५८८। |
| १८७।३।१९ | पुंजिगत पालिका | आधारभुत विद्यालय भवन निर्माण | २४३६५१८। | २४१२७८६। | २६ | ६१७०। |
| १९१।३।१९ | पुंजिगत पालिका | लाप्चे खानेपानी निर्माण | ३४९०५६। | ३३०९८५। | १७ | ३०७२। |
| १९५।३।२१ | पुंजिगत पालिका | महादेव मन्दिर निर्माण | ९८५०२८। | ९०५००३।- | २३ | १८४०५। |
| ९२।२।११ | पुंजिगत पालिका | हेर्नि फुक्याल सडक निर्माण | २४२३६३८। | २३९५९८९। | १७ | ४७००। |
| १७।९।१९ | पुंजिगत पालिका | आसिधारा गेट पातिहाल्ना सडक | १८५४६४५। | १७९७७१३।- | १३ | ७४०१। |
| २३२।३।२४ | पुंजिगत पालिका | महादेव आधारभूत भवन निर्माण, सोरु-६ | २३६५५२७। | १९१८८९८।- | १३ | ५८०६१। |
| ७८।२०८०।३।२४ | प्रदेश पूंजीगत | चौतारा जोगीवाडा सडक उ.स. | २२६७१६५। | ७५११६५। | १३.२८ | ३५९४४। |
| ५४।२०८०।३।२१ | प्रदेश पूंजीगत | च्यानधारा मेडि वाटो नि.उ.स. | २४९६८४०। | २२०६७०४। | १९.८९ | ३८५२। |
| ४६।२०८०।३।१९ | प्रदेश पूंजीगत | सिड्डी छेच वाटो निर्माण उ.स. | २४२५३००। | २१८५८३१। | १७.५३ | ४१९७८। |
| ६०।२०८०।३।२३ | प्रदेश पूंजीगत | चौमाना खानेपानी उ.स. | २२४७०६९। | २१०७०५६। | ११.०० | ४९९०। |
| ४८।२०८०।३।१९ | प्रदेश पूंजीगत | जेठावाडा आर सि सी वाटो उ.स. | २३३७३३४। | २१२९८५४। | १४.४३ | २४७९८। |
| ४५।२०८०।३।१८ | प्रदेश पूंजीगत | रुमगाउ पिसिसि वाटो उ.स. | २४३९३७५। | २०३८९४९। | १८.०० | ७२०७६। |
| ४९।२०८०।३।१९ | प्रदेश पूंजीगत | गुरी गुरी सिचाई कुलो उ.स | १७९९६३०। | १५२२७६४। | १७.०० | ५९२०। |
| ३८।२०८०।३।१४ | प्रदेश पूंजीगत | कुइचाढाड सिचाई कुलो उ.स | २२८४१४६। | २२२९३२४। | १२.०० | ६५७८। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३९।२०८०।३।१४ | प्रदेश पूंजीगत | जुकेना तटवन्धन नि.उ.स. | २२८६८४३। | २०२०८०९। | १२.५४ | ३३३६०। |
| ४४।२०८०।३।१८ | प्रदेश पूंजीगत | कालिका नि.मा.वि.फिल्ड उ.स. | १५९९३५२। | १५७०५२७। | ९.९६ | २८७०। |
| ३२।२०८०।२।३१ | प्रदेश पूंजीगत | स्वास्थ्य चौकी भवन निर्माण उ.स | २२०७३१६। | २११८५१७। | ९.३९ | ८३३८। |
| २६।२०८०।२।१० | प्रदेश पूंजीगत | सल्लारुख रावलवाडा सिचाई उ.स. | २१३४९०२। | २११२७६२। | १०.०६ | २२२७। |
| ३७।२०८०।३।१४ | प्रदेश पूंजीगत | मुलखोला तटवन्ध उ.स. | १७७३११७। | १४९६६०२ | १५.४० | ४२५८३। |
| ६१।२०८०।३।२३ | प्रदेश पूंजीगत | नागाटाला लाग्रा खानेपानी उ.स | २३७५५१४। | २२५६७३९। | १५.८१ | ४०३३। |
| ४०।२०८०।३।१६ | प्रदेश पूंजीगत | नेरगाउ पिसिसि वाटो उ.स | २२८९३४५। | १४२४१०७। | १४.४६ | १०७५६९। |
| ४१।२०८०।३।१६ | प्रदेश पूंजीगत | मुल डिउलासेकु सिचाई उ.स | १७६०६०८। | १५८३२२१। | १४.८० | २६२५३। |
| ५९।२०८०।३।२२ | प्रदेश पूंजीगत | ढोलढुङ्गा स्याउ जडीवुटी फर्म उ.स | २१९९४८२। | १७०६८७९। | १२.७० | ६२५६०। |
| ७५।२०८०।३।२४ | प्रदेश पूंजीगत | महादेव आ.वि.उ.स. | १६९५६५५। | १२८१४४५। | १३.०४ | १५४२६। |
| २३।२०८०।३।१२ | संघीय सरकार पूंजिगत | गुम्बा तुहवाडा खानेपानी उ.स. | ५७४१६४। | ५५९७२७। | १६.४० | २३६७। |
| **जम्मा** | | | | | | **६७१७७२।** |